# इकाईद्वारा तेस्रो त्रयमासको ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

मिति २०८२ चैत १६ गते, सोमबारका दिन वित्तीय जानकारी इकाईले आ.व. २०८२/८३ को तेस्रो त्रयमासको ज्ञान आदान प्रदान कार्यक्रम बैंकर्स प्रशिक्षण केन्द्र, थापाथलीको सभाकक्षमा सम्पन्न गऱ्यो । कार्यक्रमको अध्यक्षता इकाई प्रमुख श्री वासुदेव भट्टराईले गर्नु भएको थियो । उक्त कार्यक्रममा विभिन्न प्रस्तुतिहरुका साथै इकाईका काम, आगामी कार्ययोजनाबारे छलफल साथै जानकारी आदानप्रदान भएका थिए ।

उक्त कार्यक्रममा दुईवटा प्रस्तुतिहरू समावेश गरिएको थियो । सहायक निर्देशक श्री समीर कुमार सिंह र श्री संजिव खड्काले अन्तर्राष्ट्रिय तालिममा प्राप्त अनुभवहरू प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतिमा एग्मन्ट ग्रुप (Egmont Group) अन्तर्गतका विभिन्न कार्य समूह (Working Group) ले कसरी काम गरिरहेको र हाल ती समूहहरु अन्तर्गत भइरहेको कामहरु बारे जानकारी प्रदान भएको थियो । विशेष गरी Public Private Partnership र सो अन्तर्गत केही FIU ले अभ्यासमा ल्याएको Super STR र Mega STR सम्बन्धी अवधारणाहरूका बारेमा जानकारी प्रदान गरिएको थियो । अर्को प्रस्तुति इकाईका सहायक निर्देशक शारदा गुरुङले वैकल्पिक भुक्तानी प्रणाली (Alternative Payment System) सम्बन्धी गर्नुभएको थियो । उक्त प्रस्तुतिमा FATF को Recommendation 15 अन्तर्गतका प्रावधानहरू, प्रचलित कानुन, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरू, वर्तमान अवस्था, आगामी चुनौतीहरू तथा Virtual Assets सम्बन्धी विषयहरूमा विस्तृत चर्चा गरिएको थियो ।



कार्यक्रममा सहभागी कर्मचारीहरुले प्रस्तुति माथि जिज्ञासा राख्दै छलफलमा भाग लिनुभएको थियो । कार्यक्रममा सहायक निर्देशक श्री कमल पौडेलले goAML prioritization rule, त्यसको प्रयोग र परिमार्जन गनुपर्ने भए सुझाबको लागि अनुरोध गर्नुभयो साथै आगामी २०८२ वैशाख २१ देखि २५ गतेसम्म UNODC को प्राविधिक सहयोगमा तालिम सञ्चालन हुने तय भएको जानकारी दिँदै तालिममा समावेश गनुपर्ने विषय भए यथाशक्य छिटो जानकारी गराउन अनुरोध गर्नुभयो । उहाँले राष्ट्रिय जोखिम मूल्यांकन (National Risk Assessment) २०८२ सम्बन्धी विषयमा हालसम्मको प्रगति बारेसमेत जानकारी गराउनु भएको थियो । कार्यक्रममा इकाईका उपनिर्देशक श्री केशव प्रसाद रिमालले यस प्रकारका ज्ञान आदानप्रदान कार्यकमको महत्व बारे चर्चा गर्दै शंकास्पद कारोबार प्रतिवेदन (STR) को विश्लेषण अझ प्रभावकारी बनाउनुपर्ने बारे जोड दिनुभयो । त्यसैगरी, उपनिर्देशक श्री सचिन राज पियाले Egmont Group अन्तर्गतका कार्य समूहहरुले लिएका Initiative हरुमा थप सहभागिता जनाई नेपालले पनि लाभ लिनसक्ने धारण व्यक्त गर्नुभयो । उहाँले Ecofel जस्ता Platform मार्फत् ज्ञान तथा विज्ञता बढाउनुपर्नेमा समेत जोड दिनुभयो ।




कार्यक्रमको अन्त्यमा इकाई प्रमुख श्री वासुदेव भट्टराईले प्रस्तुत विषयहरू प्रति आफ्नो धारणा राख्दै विश्लेषकहरूले कम्तीमा एक विषय क्षेत्रमा गहिरो ज्ञान हासिल गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो । साथै, UNODC द्वारा सञ्चालन हुने तालिममा अधिकतम सहभागिता जनाई ज्ञान विस्तार गर्न आग्रह गर्नुभयो । उहाँले विश्लेषण कार्यमा गुणात्मक तथा सङ्ख्यात्मक दुवै पक्षलाई सन्तुलित रूपमा समेट्दै विश्लेषण क्षमता अभिवृद्धि गर्न निर्देशन दिनु भएको थियो । कार्यक्रमको सञ्चालन इकाईका उपनिर्देशक विष्णुप्रसाद गुरागाईंले गर्नुभएको थियो ।